सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०७/२८ गते

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि तपसिलमा उल्लिखित देहायका पदमा योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना बमोजिमको दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवा सर्तहरु सहितको विस्तृत विवरण कार्यालयको वेवसाइट www.sandhikharkamun.gov.np वा QR Code लाइ Scan गरी प्राप्त गर्न सकिनेछ ।

क्र.सं.	विज्ञापन नं.	पद	पद संख्या	कैफियत
१	१/२०८२/८३	मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)	(१)	पूनः विज्ञापन
२	४/२०८२/८३	आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह)	(१)	

योग्यता:

(क) **मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह):** मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ उत्तीर्ण गरेको । कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको। प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा काम गरेको अनुभव रहेको र महिलालाई विशेष प्राथमिकता दिईनेछ।

(ख) **आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह):** मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको । स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीमा काम गरेको र कानुन विषयको शैक्षिक योग्यता भएकालाइ बिषेश प्राथमिकता दिइनेछ। कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको। प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

- **अवधी:** हाललाई २०८३ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा नविकरण हुन सक्नेछ ।
- **परिक्षाको किसिम :** मनोसामाजिक परामर्शकर्ता, आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता)
- **तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार ।
- **आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई आवेदन फाराम सहित निर्धारित समय भित्र नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ निर्धारित समय भन्दा ढिलो आउने आवेदनहरु कार्यालयले स्वीकार गर्ने छैन ।
- **उमेर:** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- **छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट वञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, आदिवासी,

मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

- आवेदन दस्तुर: रु.१०००/- (अक्षरेपी एक हजार मात्र)
- पाठ्यक्रम: *सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको कर्मचारी छनोट पाठ्यक्रम, २०८१* बमोजिम हुनेछ।
  उक्त पाठ्यक्रम कार्यालयको वेवसाइट www.sandhikharkamun.gov.np वा QR Code मार्फत प्राप्त गर्न सकिने छ।

***आवेदन फारम :**

***कार्यविवरण, पारिश्रमिक, सेवा सर्तहरु र पाठ्यक्रम:**

- दरखास्त दिने अन्तिम मिति: २०८२/०८/१२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
- यस सूचनामा उल्लिखित सर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
- विज्ञापन तथा कार्यक्रम सम्बन्धी थप जानकारीको लागि: ९८५७०६३७६२, ९७४७१०९६०८

२०८२/०८/१२
पदपूर्ति समिति